**नियम नम्बरः–**

# विद्यालय संचालन तथा अनुमति सम्बन्धि कार्यविधि , २०७६

मार्मागाउँपालिकाविद्यालयसंचालनतथाअनुमतिसम्बन्धिकार्यविधि२०७६

**कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः२०७६ बैशाख १७ गते**

**मार्मा गाउँपालिका**

**लटिनाथ, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**प्रस्थावनाः**

मार्मा गाउँपालिका अन्तरगत संचालन भएका र संचालन हुने विद्यालयको अनुमति स्विकृति रेखदेख एवं व्यवस्थापन स्मबन्धमा स्थानीय तहबाट शिक्षा ऐन तथा शिक्षा सम्बन्धी नियमावली जारी नभए सम्मको लागि विद्यालय अनुमति तथा संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनिय  भएकोले यो विद्यालय संचालन तथा अनुमति सम्बन्धि कार्यविधि २०७६ स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम विस्तार र प्रारम्भः**

**१.** यो कार्यविधिको नाम विद्यालय संचालन तथा अनुमति सम्बन्धी कारयविधि २०७६ रहेको छ ।
**२.** यो कार्यविधि मार्मा गाउँपालकाको गाउँकार्यपालिकाको निर्णय भएको मिति देखि लागु हुने छ ।

**२. परिभाषाः**

**१. बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) पुर्व प्राथमिक विद्यालय भन्नाले ४ बर्ष उमेर पूरा गरेका वालवालिकाहरुलाइ एक बर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

(ख) प्राथमिक शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(ग) आधारभुत शिक्षा भन्नाले प्राथमिक बाल शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(घ) माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(ङ) बिषेश शिक्षा भन्नाले द्दष्टिविहिन बहिरा अटिज्म बौद्धिक अपाङ्गता सुस्त श्रवण वा अति अशक्त शारिरीह अपाङ्गता भएका बालबालिकालाइ छुट्टै समूहमा राखी बिशेष प्रकारको निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ ।

(च) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट विगतमा अनुमानित वा स्विकृत पाइ नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृत प्राप्त विद्यालय तथा स्थानीय तह मार्मा गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृत प्राप्त गर्न विद्यालय सम्झनु पर्दछ ।

(ज) संस्थागत विद्यालयः नेपाल सरकारबाट विगतमा अनुमति वा स्वीकृत पाइ नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्विकृत प्राप्त विद्यालय तथा स्थानीय तह मार्मा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(झ) आधारभुत विद्यालय भन्नाले खण्ड ग बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

(ञ) विद्यालय शिक्षा भन्नाले आधारभुत र माध्यमिक शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

**३. विद्यालयले पालन गर्नु पर्ने सर्तहरुः प्रचलित कानुनमा लेखिएका बाहेक विद्यालयलय पालना गर्नु पर्ने शर्तहरु देहाय बमोजिम रहेका छन ।**

क) नेपाल सरकारबाट स्विकृत बिना पाठ्यक्रम र पाठ्यपुस्तक तथा पाठ्य सामग्रि प्रयोग गर्न नहुने ।

ख) राष्ट्रियता प्रति आँच आउने पाठ्य सामग्री भएको पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न नहुने ।

ग) पाठ्यक्रम विकास केन्द्रको स्विकृति विना थप पाठ्यपुस्तक तथा पाठ्य सामग्री प्रयोग गर्न नहुने ।

घ) मार्मा गा.पा.को शिक्षा क्षेत्र सुधार कार्यविधि अनुसार को पारिश्रमिकको व्यवस्था गरिने छ ।

ङ) अभिभावकको भेला गराइ विद्यालयको आयव्य विवरण शैक्षिक उपलब्धि र अगामी बर्षको कार्यक्रमको नियमित रुपमा जानकारी गराउनु पर्ने ।

च) प्रचलित नियमानुसारको आयव्य विवरण राख्नु पर्ने ।

छ) विद्यालयले गरेको लगानी प्रमाण राख्नु पर्ने ।

ज) नेपालको राष्ट्रियता राष्ट्रिय एकता सार्वभौमसत्ता तथा धार्मिक सहिशुणता खलल पार्ने कुनै पनि किसिमका कृयाकलाप विद्यालयमा हुन नदिने ।

झ) विद्यालयमा अतिरिक्त कृयाकलाप तथा अन्य कार्यक्रम संचालन गर्नु पर्ने ।

ञ) विद्यालयमा तोकिएको शिक्षक संख्यामा नघट्ने गरी प्रचलित कानुन बमोजिम योग्यता पुगेका शिक्षकहरुको व्यवस्था गर्नुपर्ने ।

ट) विद्यालयमा स्वस्थ शैक्षिक वातावरण कायम गर्नु पर्ने ।

ठ) शिक्षा विकास तथा समन्वय इकाई स्थानीय तहले दिएको निर्देशन पालना गर्नु पर्ने ।

ड) तोकिएका न्युनतम पुर्वाधारहरु पूरा गर्नु पर्ने ।

ढ) EMIS भरी नियमित रुपमा शिक्षा विकास तथा समन्वय ईकाई स्थानीय तहमा पेश गर्नु पर्ने ।

**४. धरौटी राख्नु पर्ने ।**

१) विद्यालय खोल्न अनुमति दिदा विद्यालयको सूरक्षण वापत देहाय बमोजिमको रकम धरौटी रानु र्नेछ ।

| सामुदायिक | रकम रु | संस्थागत | रकम रु |
|---|---|---|---|
| प्राथमिक | 0 | प्राथमिक | पचास हजार |
| निम्न | 0 | निम्न माध्यमिक | एकलाख पचास हजार |

ट) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाइ बुँझाउछ ।

ठ) अभिभावक भन्नाले बिद्यालयमा अध्यनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ती सम्झनु पर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समि गठन गर्ने प्रयोजनको लागि विद्यार्थी बाबु आमा बाजे बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाइ संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाइ समेत जनाउँछ ।

ड) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

**५. विद्यालय खोल्न अनुमति लिनुपर्नेः**

१) कुन व्यक्ति वा संसथाले वालविकास केन्द्र विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई आधारभुत तथा माध्यमिक विद्यालयको लागि शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा ३ महिला अगावै सम्बन्धित वडा पालिकाको सिफारिस सहित अनुसुचि १ बमोजिमको ढाँचामा गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

मार्मा गाउँपालिका विद्यालय संचालन तथा अनुमति सम्बन्धि कार्यविधि २०७६

नोटः उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विद्यालये सम्बन्धित वडा र स्थानीय तहको सिफारिस सहितको कागजात सहितको फायल अनुमतिका लागि शिक्षा विकास तथा समन्वय ईकाईमा तोकिएको समयभित्रै दर्ता गरेको र सो को जानकारी शिक्षा तथा समन्वय ईकाइ बाट स्थानीय तहमा भएमा गाउँपालिकामा पेश भए सरहको मानिनेछ ।

२) पुर्व प्राथिक बिद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा ३ महिना अगावै सम्बन्धित वडा पालिकाको सिफारिस सहित अनुसुची १ बोजिमको ढाँचामा गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख समक्ष निवेदन पेश गरनु पर्नेछ ।

३) सामुदायिक वा संसथागत विद्यालय खोल्नको लागि अनुसुची २ बमोजिमको पुरवाधार पुरा गरेको हुनु पर्नेछ ।

४) बिद्यालय खोल्न अनुमति दिनेः क) वालविकास केन्द्र विद्यालय खोल्ने सम्बन्धमा नियम ३ को उपनियम १ बमोजिम निवेदन परेमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुखले निवेदन साथ प्राप्त कागजात जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ४ बमोजिमका पुर्वाधारहरु पुरा भएको देखिएमा अनुमति दिने सम्बन्धमा आवश्यक कार्वाहीको लागि निरिक्षण प्रतिवेदन समेत माग गरी गाउँपालिकाको सामाजिक विकास समिति सक्ष पेश गरेनेछ ।सामाजिक विकास समितिले गाउँपालिकाको बैठकमा पेश गर्नेछ । र गाउँ कार्यपालिकाले अनुमति दिन मनाशिब देखेमा आफ्नो निर्णय सहित अनुमतिका लागि सम्बन्धित शाखामा उठाउनेछ । शाखा प्रमुखले गाउँकार्यपालिकाको निर्णय बमोजिम शैक्षिक सत्र शुरु हुनु भन्दा अगावै प्रतिबर्ष १ (एक ) कक्षाका दरले निश्चित शर्त तोकि अनुमति दिनेछ ।

| माध्यमिक | सामुदायिक | संस्थागत | |
|---|---|---|---|
| माध्यमिक | एक लाख | माध्यमिक | दई लाख |

उल्लेखित धरौटी वाफतको रकम विद्यालयको अनुमति दिदा स्थानीय तहले तोकेको बैङ्कमा मुद्ती खाता खोली जम्मा गरी सो को मुद्ती भौचर पेश गर्नु पर्नेछ ।

नोटः उल्लेखित धरौटी रकम तोकिएको हिमाली जिल्लाको हकमा आधा हुनेछ । (निजामती सेवा नियमावली शंसोधन सहित बमोजिम तोकिएका जिल्लाहरु)

**६. वद्यालय कक्षा थप सम्बन्धि व्यवस्थाः**

क) कुनै विद्यालयले कक्षा थप गरन चाहेमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तिमा दुई महिना अगावै स्थानीय तह शिक्षा युवा तथा खेलकुद शाखामा पर्नेछ ।

ख) उपनियम  एक बमोजिम निवेदन परेमा विद्यालय संचालनको तोकिएका पुर्वाधारहरु पूरा गर नगरेको सम्बन्धमा जाँच बुझ गरी स्थलगत अनुगमन गरी गराइ प्रती बर्ष एक कक्षाका दरले कक्षा थप गर्न अनुमति दिनु पर्नेछ ।

**७.** स्थलगत विद्यालयको अनुमतिको हकमा आवश्यकता र औचित्य हेरी प्रचलित कानुनको प्रतिकुल नहुने गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम अनुमति सम्बन्धि व्यवस्था तोकिए बमोजिमक हुनेछ ।

अनुसुची १ : गाउँपालिकाले तोकेको ढाँचा बमोजिमको निवेदन ।

अनुसुची २ : शिक्षा नियमावली २०५९ शंसोधन सहितमा तोकिएका पुरवाधारहरु ।